**नेपाल सरकार**

**रक्षा मन्त्रालय**

**राष्ट्रिय गौरवका आयोजनाको संक्षिप्त विवरण**

# काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग निर्माण आयोजना




**१. आयोजनाको नाम -** काठमाण्डौं-तराई/मधेश द्रूतमार्ग सडक आयोजना

**२. आयोजनाको संक्षिप्त परिचयः** नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/०१/२१ को निर्णय अनुसार ७६.२ कि. मि. लम्बाईको राष्ट्रिय गौरवको काठमाण्डौं-तराई/मधेश द्रूतमार्ग सडक आयोजनाको निर्माण कार्य ४ बर्षमा सम्पन्न गर्ने गरी निर्माण व्यवस्थापनको जिम्मा नेपाली सेनालाई प्राप्त भएको । मिति २०७४ आषाढ ०८ गतेको मन्त्रिपरिषद्को निर्णयबाट आयोजना संचालन कार्यविधि २०७४ स्वीकृत भई नेपाली सेनाको व्यवस्थापनमा कार्यान्वयन भैरहेको । यस आयोजनालाई आ.ब. ०७४।७५ को नेपाल सरकारको नीति तथा कार्यक्रमले आगामी ५ बर्ष भित्र (आ.ब. ०७८।७९) सम्पन्न गर्ने लक्ष्य राखेको छ ।

३. आयोजनाको लक्ष्यः देशको राजधानी काठमाडौंलाई तराई भू-भागसँग छोटो दूरीको माध्यमबाट जोड्ने ।

४. आयोजना अवधिः शुरु अवधि आ.व. ०७४/७५ र सम्पन्न हुने अवधि आ.व. ०७८/७९

५. आयोजनाको लागतः एकिन नभएको

६. बजेटको स्रोतः नेपाल सरकार र आ.ब. ०७५।७६ को बजेट पुस्तिका अनुसार बैदेशिक ऋण

७. आयोजनाको मुख्य मुख्य कार्यहरुः

क) सवग्रेड फर्मेशन लेभलसम्म कटिंग तथा फिलिंग कार्य सम्पन्न गरी पेभमेण्ट गर्ने

ख) विभिन्न प्रकारका हाईवे स्ट्रक्चरवालहरु निर्माण गर्ने

ग) ठुला, मझौला तथा साना पुलहरु निर्माण गर्ने

घ) सुरुंगमार्ग निर्माण गर्ने

ङ ङ) एसियन मापदण्ड अनुसार ४ लेनको एक्सप्रेसवे निर्माण गर्ने

**८. आयोजनाको वित्तीय प्रगति**

| आयोजनाको कुल बजेट करोडमा | आ. व. २०७४/७५ को प्रगति अर्थात् समष्टिगत प्रगति | | आ व २०७४/७५ को कुल बजेट करोडमा | आ व २०७४/७५ को वार्षिक प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|
| | रकम करोडमा | प्रतिशत | | रकम करोडमा | प्रतिशत | |
| १५५०० ए डि बि को फिजिविलिटि अध्ययन तथा प्रारम्भिक डिजाइन प्रतिवेदन २००८ को अनुमानित लागत प्रक्षेपणको आधारमा | ८९७.४८४२ | ५.७९ | ८०६।७५२१ | ७६२.५८४३ | ९५ | पूँजीगत अनुसन्धान तथा परामर्श शीर्षकको बजेट पूरै खर्च नभएको । |

**९. आयोजनाको भौतिक प्रगति**

| समग्र लक्ष्य | आ.व. २०७४/७५ को लक्ष्य | आ.व. २०७४/७५ को प्रगति | हालसम्मको समष्टिगत भौतिक प्रगति | कैफियत |
|---|---|---|---|---|
| क. रुख कटान कार्य | १०० | १०० | ९६ | कुल २० हजारवटा रुखमध्ये हालसम्म १९६१९ वटा रुख कटान कार्य सम्पन्न भएको । |

| | | | | |
|---|---|---|---|---|
| ख. बेश क्याम्प निर्माण कार्य | १०० | १०० | ८० | प्रस्तावित १० वटा बेश क्याम्पमध्ये ८ वटा को निर्माण सम्पन्न भएको । |
| ग.सवग्रेड फर्मेशन लेभल सम्मको सडक निर्माण कार्य (E/W cutting ) | १०० | १०० | २० | - |
| घ.जग्गा अधिग्रहण कार्य | १०० | १०० | ९४ | ५३,२४,५१७.४४ वर्ग मि (१०४६६ रोपनी २ आना १ पैसा २ दाम ) क्षेत्रफल जग्गा अधिग्रहण भैसकेको।<br>क्षेत्रफलको आधारमा ९४ प्रतिशत जग्गा अधिग्रहण कार्य पूरा भएको । आयोजना कार्यान्वयनको क्रममा हेरफेर हुनसक्ने । |
| ङ द्रुतमार्गको DPR तयार गर्ने | १०० | ५० | ५० | PQ मूल्यांकन कार्य सम्पन्न गरी RFP ( Request For Proposal ) जारी गरिएको । |
| च सर्भे डिजाईन सुपरिवेक्षण कार्यको लागि परामर्शदाता नियुक्ति कार्य | १०० | ९० | ९० | परामर्शदाता छनौट गर्ने कार्य सम्पन्न भई स्वीकृतिको लागि प्रक्रियामा रहेको । |

# वार्षिक कार्यक्रम तथा प्रगतिको तुलनात्मक चार्ट

